प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

# नोभल कोरोना भाइरस (COVID-19) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०३/१२
(बेलुका ५:०० बजे)

## ❖ मुख्यमुख्य क्रियाकलापहरु

- आज काठमाडौंमा ३, नुवाकोटमा ७, चितवनमा १२ सिन्धुलीमा ६ र मकवानपुर २ जना गरी यस प्रदेशमा थप ३० जनामा संक्रमण पुष्टि भएको छ भने सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत संक्रमितको सम्पर्कमा आएका व्यक्तिको खोजी (Contact tracing), सम्पर्कितहरुको फलो-अप र व्यवस्थापन कार्य द्रुत रुपमा भईरहेको छ ।

हिजो मिती २०७७।०३।११ गतेका दिन ललितपुर निवासी ४९ बर्षिय पुरुष जसमा ५ महिना पहिले मृगौला प्रत्यारोपण भएको र हाल कोखा दुखेको लक्षण सहित अस्पताल आएपछि कोरोना पोजेटिभ देखिएकोले पाटन अस्पताल रिफर भएको र सोही अस्पतालमा ICU ventilatorमा राखी उपचार गर्ने क्रममा मृत्यु भएको छ।

- हिजो नै सिन्धुली अस्पतालको इमरजेन्सीमा ७ दिन पहिले महोत्तरी बाट आउनुभएको २१ बर्षिय महिला विगत ५ दिन देखी ज्वरो, गत १ दिन बाट स्वास प्रस्वासमा कठिनाई र झाडापखालाको लक्षण लिएर आउनुभएको थियो। कोरोना संक्रमणको शंका गरी परिक्षणको लागी स्वाब संकलन गरी उहाँलाई आइसोलेशनमा राखेर उपचार गर्ने क्रममा स्वास्थ्य बिग्रदै गएपछी अथक प्रयासको बावजुद पनि असामायिक मृत्यु भएको छ। यस दुखद क्षणमा परिवारजनहरुमा हार्दिक समवेदना प्रकट गर्दछौं।

❖ बागमती प्रदेशमा संक्रमितहरुको विवरण

हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको करिब ३ प्रतिशत रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा बढी रहेको छ, हाल यो तथ्यलाई सामान्यीकरण गर्न कठिन भएतापनि यसलाई प्रदेशले गम्भीरताको साथ नजिकबाट नियालिरहेको छ ।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | ११७५५(१००%) | ३६७ (१००%) |
| निको भएको | २६९८(२२.९७ %) | १०२ (२७.८%)* |
| उपचाररत | ९०३०(७६.८%) | २६० (७०.८.%)* |
| मृत्यु भएको | २७ (०.२३%) | ५ (१.४%)* |

श्रोत : सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०३/१२

* कुल संक्रमितको संख्यालाई आधार मानेर निको भएका, उपचाररत र मृत्यु भएकाको % निकालिएको

❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, आर.डी.टि.(RDT), पी.सि.आर.(PCR) परिक्षण सम्बन्धि विवरण

हाल सम्म बागमती प्रदेशमा ११०९५ वटा क्वारेन्टाईन बेड ब्यवस्थापन गरेकोमा अहिले २२१३ जना बस्दै आउनुभएको र १०८५ जना अहिले होम क्वारेन्टाईनमा बस्दै आउनुभएको छ। यस प्रदेशमा १२५८ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले २६० जना बस्दै आउनुभएको छ। आजको मिती सम्मको बिवरण अनुसार ३१८५३जनाको आर डी टी परिक्षण गरिएकोमा ६९० जनाको पोजेटिभ आएको छ र १४३०९ जनाको पि सि आर परिक्षण गरिएको छ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइनमा रहेका | आइसोलेसन | | RDT किटबाट गरिएको परिक्षण | | | (RT-PCR) परिक्षण सम्बन्धी विवरण | | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | बसेका | जम्मा | नेगेटिभ | पोजेटिभ | जम्मा संकलित स्वाब संख्या | पोजेटिभ | |
| काठमाण्डौ | १३६३ | १७४ | २७ | २५६ | १६ | १०१७८ | ९८७९ | २९९ | ४८२९ | ३० | (+१९) |
| ललितपुर | ३४५ | ३१ | ६ | २२१ | ८२ | ३८८७ | ३८६० | २७ | २०८१ | ६ | (+१) |
| भक्तपुर | ३१३ | ५२ | २१ | ४२ | ० | १९८० | १९६७ | १३ | १५८३ | ७ | (+१४) |
| रसुवा | २७७ | २२ | ० | ३५ | ० | ५१४ | ५०३ | ११ | ४९ | ० | ० |
| नुवाकोट | १२२४ | ३४४ | ३२१ | २८ | ९ | २५८९ | २४९२ | ९७ | ५२८ | १६ | (+७) |
| धादिङ | ९५८ | १५२ | १२५ | १०० | ७९ | २५९३ | २४६५ | १२८ | १०१५ | १०७ | (+७) |
| चितवन | २४६५ | ६२३ | ० | ३०२ | २८ | १४१३ | १३९८ | १५ | २५१० | ४४ | (+१४) |
| सिन्धुली | ४२९ | १११ | ९१ | ३२ | १ | ११७७ | ११४४ | ३३ | ५४२ | ७ | (+६) |
| मकवानपुर | ३५२ | १०५ | ३४० | ३५ | १४ | १७७७ | १७५९ | १८ | ९३६ | ११ | (+६) |
| रामेछाप | ५०९ | १२१ | ६ | ७५ | ९ | ८६२ | ८५५ | ७ | ३८७ | २३ | (+३) |
| दोलखा | ११८५ | ८७ | १ | ४१ | ० | १५६३ | १५५७ | ६ | १८८ | ० | (+२) |
| काभ्रे | ८०७ | १६८ | ६६ | १३ | ० | २३९४ | २३५६ | ३८ | ४१६ | ० | (+६) |
| सिन्धुपाल्चोक | ८६८ | २२३ | ८१ | ७८ | २२ | १३३८ | १३२७ | ११ | ६९० | २५ | (+६) |
| जम्मा | ११०९५ | २२१३ | १०८५ | १२५८ | २६० | ३२२६५ | ३१५६२ | ७०३ | १५७५४ | २७६ | (+९१) |

श्रोत ;सम्बन्धित् जिल्लाबाट दैनिक प्राप्त जानकारी अनुसार, + सम्बन्धित जिल्लाभन्दा अन्यत्रबाट प्राप्त विवरण अनुसार (MOHP),

कोरोना रोकथाम र नियन्त्रण गर्न क्वारेन्टाइन, आइसोलेशनबेड संख्या र गुणस्तर वृद्धि गर्न तथा अन्य ब्यवस्थापनको लागी प्रदेश सरकार प्रतिबद्ध छ। यस विषम परिस्थितीमा संयमीत हुन र हात धुने, मास्कको प्रयोग, एक अर्कासंग दुरी कायम गर्ने जस्ता सावधानी अपनाउनुहुन आग्रह गर्दछौं।

- **हेटौडा स्थित प्रदेश प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण**

हेटौडास्थित प्रदेश प्रयोगशालामा भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

हालसम्म प्राप्त स्वाबको संख्या —६९३१

हिजो गरीएको परिक्षण - १९०

नतिजा :- पोजिटीभ : २४ नेगेटीभ :- १६६

हिजो गरिएको स्वाब परिक्षणमा २४ जनाको कोरोना पोजिटीभ आएको छ जसमा ६ जना रौतहट निवासी (४ जना फलो अप केस) ९ जना गुल्मी निवासी, १ जना सिन्धुली निवासी र ९ जना कपिलबस्तु निवासी हुनुहुन्छ।

आज गरिएको परिक्षण : २५९

नतिजा :- पोजिटीभ : ८        नेगेटीभ :- २५१

आज गरिएको स्वाब परिक्षणमा ८ जनाको कोरोना पोजिटीभ आएको छ जसमा २ जना मकवानपुर निवासी र ६ जना नुवाकोट निवासी हुनुहुन्छ।

## ❖ महत्वपूर्ण अपडेट

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मिति २०७७/०३/०८ मा निजि प्रयोगशालालाई कोभिड १९ को मोलिक्युलर PCR परिक्षण अनुमति दिने सम्बन्धि निर्देशिका २०७७ स्वीकृत गरेको छ। निर्देशिकामा रहेको व्यवस्था अनुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय वा अन्तर्गत दर्ता भइ रास्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, टेकुले तोकेको मापदण्डहरु पुरा गरेको, रास्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट संचालन पूर्व आशय प्राप्त कोभिड १९ को मोलिक्युलर PCR परिक्षण गर्न इच्छुक निजि प्रयोगशालाले सरकारी प्रयोगशालाबाट आएको नमुनालाई मात्र परिक्षण गर्न सक्नेछ। यस बापत नेपाल सरकारले प्रति नमुना अधिकतम रु. ५५००. अक्षरुपि पाँच हजार पाँच सय मात्र सम्बन्धित निजि प्रयोगशालालाई सोधभर्ना गर्नेछ। (https://drive.google.com/file/d/19cz5jXvV_8lutCV3ktYEjEGtPl1FbpDK/view)

हाल गरिएको बन्दाबन्दीका कारण बजार,, पसल बन्द रहेको तथा आय आर्जनको स्रोतमा पनि असर परेका कारण विशेष गरि शिशु, बालबालिका, गर्भवती, तथा स्तनपान गराइरहेका महिलाहरु कुपोषणको बढि जोखिममा  रहेका छन्। कुपोषणबाट महिला तथा बालबालिकालाई बचाउन उनिहरुको खानपान तथा हेरचाहमा विशेष ध्यान दिनु पर्दछ। कोरोना भाइरसको संक्रमणबाट सेवाग्राही र स्वास्थ्यकर्मी दुबैलाई बचाउदै पोषण पुनस्थापना गृहको सेवा सुचारु गर्न आवश्यक सावधानी र उपचार पद्धतिका बारेमा एकरुपता ल्याउन मार्ग दर्शन उपयोगी रहेको छ।

निर्देशिका निम्न वेब पेज प्राप्त गर्न सकिने छ

:https://drive.google.com/file/d/1V5FRhbaTrcd1oE_Bf48FO7wlI8UHjqY5/view

## ❖ थप जानकारीको सम्बन्धमा

| | | |
|---|---|---|
| कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनका लागि निम्न उल्लेखित वेब पेज हेर्नको लागि हार्दिक अनुरोध छ। | → | http://mosd.p3.gov.np/<br>https://covid19.mohp.gov.np/<br>heoc.mohp.gov.np/<br>edcd.gov.np/ |

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं।**

**धन्यवाद !**

प्रवक्ता (कोभिड-१९)
डा. पुरुषोतम राज सेढाई